आ.ब. २०८१/८२ को बार्षिक प्रगतिसमिक्षा गोष्ठी पश्चात जारी भएका निर्देशनहरु

मिति २०८२/४/२१ र २२ गते माननीय मन्त्री देबेन्द्र दाहाल, सचिव केशब कुमार शर्मा को उपस्थितिमा आ.ब. २०८१/८२ को बार्षिक प्रगति समिक्षा गोष्ठी मा ब्यापक छलफल भै सडक बिभाग लाई निम्न अनुसार निर्देशनहरु जारी गरिएको छ |

(1) सबै सडक डिभिजन तथा आयोजना प्रमुख हरुले आफुले बार्षिक सम्पादन गर्नु पर्ने कार्यको मिति २०८२/४/५ को DOR Action Plan संग Compatible हुने गरी त्रैमासिक,अर्धबार्षिक र बार्षिक कार्ययोजना बनाई श्रावण मसान्त सम्म संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालयमा पठाउने र संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालयले DOR Action Plan संग Compatible हुने गरी त्रैमासिक,अर्धबार्षिक र बार्षिक कार्ययोजना बनाई भाद्र पहिलो हप्ता सम्म सडक बिभाग मा पेश गर्ने |

(2) सबै संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालयका सू.ई. एवं सबै आयोजना निर्देशकहरूले हरुले सडक बिभाग, योजना तथा अनुगमन महाशाखाको मिति २०७८/१२/८ को "योजना अनुगमन तथा सुपरिवेक्षण सम्बन्धित आन्तरिक निर्देशिका" तथा यसै साथ संलग्न ३५ बुदा हरु अनुसार अनुगमन लाई तिब्र बनाउने| प्रत्येक महिना अनुगमन प्रतिबेदन बिभाग तथा मन्त्रालयमा पठाउने| मिति २०८२/४/५ को DOR Action Plan ४ वटै FRSMO प्रमुख द्वारा प्रत्येक ३ महिनामा Quality Control Status को अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने कार्यको अनिवार्यता गरिने र Project Directoratesप्रमुख द्वारा प्रत्येक ६ महिनामा Quality Control Status को अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने कार्यको अनिवार्यता गरिने |

(3) आ.ब. २०८२/८३ को पूर्वतयारी पूरा भैसकेका मिति २०८२/०३/०५ मा बिभाग बाट पत्राचार भएका सालबसाली बिभिन्न ब.उ.शि.नं का योजनाहरुको साउन मसान्त सम्म बार्षिक खरिद योजना/खरिद गुरु योजना स्वीकृत गरी/गराई, दायित्व घटाई साउन मसान्त सम्म बोलपत्र आब्हान गर्ने र असोज मसान्त भित्र ठेक्का सम्झौता गर्ने र सो को जानकारी बिभाग तथा मन्त्रालयमा पठाउने|

(4) आ.ब. २०८२/८३ को पूर्वतयारी पुरा भैसकेका मिति २०८२/०३/०५ मा बिभाग बाट पत्राचार भएका सम्भावित बहूबर्षिय बिभिन्न ब.उ.शि.नं का का योजनाहरुको साउन मसान्त सम्म बार्षिक खरिद योजना/खरिद गुरु योजना स्वीकृत गराई, दायित्व घटाई भाद्र १५ भित्र सम्म सालबसाली सम्पन्न गर्न सकिने गरी बोलपत्र आब्हान गर्ने र कार्तिक मसान्त भित्र ठेक्का सम्झौता गर्ने र बाँकी रकम को "आयोजनाको बहुबर्षीय ठेक्का सहमति सम्बन्धि मापदण्ड २०८१" बमोजिम २०८२ भाद्र १५ गते भित्र श्री रास्ट्रिय योजना आयोगमा पेश हुने गरी वातावरणीय अध्ययन र DPR को कार्य सम्पन्न गरी टिप्पणी पेश गर्ने |

(5) पुल महाशाखाले १५ दिन भित्र सम्बन्धित कार्यालयसंग सहकार्य गरी सम्पूर्ण रुग्ण ठेक्का को प्रस्तुतीकरण तयार गर्ने र प्रत्येक हप्ता कम्तिमा २ बटा रुग्ण पुल लाई समाधान तर्फ लैजाने|

(6) पुल महाशाखाले १५ दिन भित्र यस आ.ब. मा निर्माण को LMBIS परेका सम्पूर्ण पुल हरुको List तयार गर्ने र बहुबर्षिय सहमतिको लागि पेश गर्ने |सो पुल हरुको Design भए नभएको एकिन गरी Design नभएको खण्डमा Design तयार गर्नु पर्ने | Design भएको खण्ड मा तुरुन्त निर्माण को ठेक्का ब्यबस्थापन को तयारी गर्नु पर्ने र सो को जानकारी बिभाग तथा मन्त्रालयमा पठाउने|

(7) सम्बन्धित कार्यालयहरुले १५ दिन भित्र Design and Build अन्तर्गत ठेक्का ब्यबस्थापन भएका र हाल सम्म पनि Design स्वीकृति हुन नसकेका पुल हरुको सुची तयार गरी सो को कारण पत्ता लगाउने र सार्वजनिक खरिद नियमावलीको ११३क बमोजिम निर्माण कार्य सुरु गर्नु अघि जानकारी दिनुपर्ने वा ठेक्का कारबाही को प्रक्रिया अघि बढाउने| साथै DB बाहेकका Pending Design Approval को सुची ५ दिन भित्र तयार गरी डिजाइन स्वीकृति प्रक्रियालाई आवश्यक गतिमा लैजाने |

(8) सम्पूर्ण कार्यालयहरुले यस आ.ब. मा कम्तीमा ८०% बेरुजु फछ्यौंट हुने गरी कार्ययोजना तयार गर्ने र सो लक्ष्य पुरा हुने गरी कार्य अघि बढाउने |

(9) पूर्वस्वीकृति नलिई कुनै पनि कर्मचारी ले बिश्वबिधालय मा अध्यायन कार्य गर्न नपाइने | कार्यालय को काम लाई बाधा हुने गरी बिश्वबिधालयहरुमा अध्यायन गर्न प्रोत्साहित नगरिने |

(10) बि. स. २०८२ असोज मसान्त सम्म सम्पूर्ण सडक डिभिजन हरुले Aggregate test, Gabion test, Density test र Concrete test हुने गरी गुणस्तर ल्याब को ब्यबस्था गर्ने र स्थाई कर्मचारी उपलब्ध नभए Laboratory test को लागि Contingency बाट कर्मचारी ब्यबस्थापन गर्ने |

(11) ६० बर्ष पुरा गरेका Length worker हरु लाई अभियानकै रुपमा ६ महिना भित्र हटाउने नीति लिने | बिभाग अन्तर्गत कतिपय कार्यालयहरुले यो अभियान शुरु गरि सकेको अबस्थामा सो बाट शिक्षा लिदै सकभर सम्बन्धित Length worker ठाउँ मा नया Length worker राख्ने वा यिनीहरुको छनौट अनुसार का व्यक्ति दैनिक ज्यालादारीमा राख्ने नीति अबलम्बन गर्ने|

(12) योजना अनुगमन तथा मुल्याकन शाखाले २ महिना भित्र CMS मा भएका bug हरु हटाउने र अर्को १ महिना भित्र संम्पूर्ण कार्यालयहरुले CMS update गर्ने |

(13) सम्पूर्ण कार्यालयहरुले Road Closure Information update गर्दा Google sheet मा अन्दाजी क्षति को बिबरण पनि update गर्ने |

(14) मिति २०८२/०४/२० को भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा भएको बिषयगत समिति को निर्णय अनुसार प्रदेश सरकारबाट अनुरोध भई आएको अवस्थामा चालु आ.व २०८२/८३ का लागि मात्र उक्त सडकहरू चालु आ.व भित्रै सम्पन्न/फरफारक गर्ने गरी सडक विभागबाटै मर्मत कार्य गर्ने र २०८३ श्रावण १ गते देखि अनिवार्य रुपमा उक्त सडकहरूमा कार्यरत लेन्थवर्कर र सुपरभाइजरहरू सहित उक्त सडकहरु सम्बन्धित प्रदेशको सडक पूर्वाधार संवद्ध मन्त्रालयमा हस्तान्तरण गर्ने

(15) निर्माण ब्यबसायी हरुबाट claim को पत्र पाउनासाथ सम्बन्धित कार्यालय हरुले Counter claim प्रस्तुत गरिहाल्ने| Arbitration मा भएका ठेक्का हरुमा सम्झौता गर्ने कार्यालय का प्रमुख ले अनिबार्य रुपमा सुनुवाईको समयमा आफै उपस्थित हुनु पर्ने छ|

(16) सहज बिबरण / डाटा Sharing गर्न प्रत्येक कार्यालय/योजनाले ५ दिन भित्र Focal Person तोकी, सडक बिभाग, योजना तथा अनुगमन महाशाखामा पठाउने |

(17) वर्षायाम अझै विद्यमान भई Highway Block हुन सक्ने भएकाले सडक डिभिजन तथा आयोजना कार्यालयहरुले आवागमन सहज गराउन अझ प्रभाबकारी तरिकाले सम्पूर्ण संयन्त्र तयारी हालतमा राख्ने|
(18) सडक बिभाग अन्तर्गत जडान हुने बेलीब्रिजहरुमा हेबाखोला बेलीब्रिजको तालिमबाट दीक्षित कर्मचारीहरु परिचालन गरी यान्त्रिक महाशाखाले बेलीब्रिज जडान गर्न आबश्यक प्रबन्ध गर्ने|

(19) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट माथि १-१८ बुंदा अनुसार कार्य भए नभएको अनुगमन तथा मुल्यांकन गरी रेकर्डमा राख्ने र यसलाई कर्मचारीको वृद्धि विकास संग जोड्ने|